**गाउँपालिकाको परिचयः**

केन्द्रिकृत एकात्मक निरंकुश शासन व्यस्थाले बर्गिय, क्षेत्रीय, भाषिक, सांस्कृतिक र लैंगिक लगायतका विभिन्न क्षेत्रगत रुपमासिर्जना गरेका विभेद र असमानताका विरुद विभिन्न राजनैतिक परिवर्तनका खातिर नागरिकले गरेका आन्दोलनका कारण राज्यले नागरिकलाई अधिकार सम्पन्न बनाउने विषयमा विभिन्न समय अधिकार प्रत्योजन हुने क्रमसंगै नेपालको संविधानको धारा ५६ अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको राज्य संरचना हुने व्यवस्था गरेसंगै मिति २०७३।११।२७ गते राजपत्रमा घोषणा भए अनुसार स्वशासन र स्वायत्ताको अधिकार सहित सान्नी त्रिवेणी गाउँपालिकाको स्थापना भएको हो । नेपालको कर्णाली क्षेत्रमा स्थित सान्नी त्रिवेणी गाउँपालिकाको स्थापना एउटा दीर्घकालिन सोच "व्यवसायिक, औद्योगिक तथा बहुसांस्कृतिक समुन्नत गाउँ सान्नी त्रिवेणी" का साथ २०३४ सालमा कर्णाली अञ्चलको कालिकोट जिल्लामा (साबिकको मुम्रा मेहलमुडी र रकु गा.वि.स.) भएको हो र भौगोलिक अवस्थितिलाई मध्यनजर गर्दै मिति २०७४/०६/०१ गते देखि नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट सान्नी त्रिवेणी गाउँपालिकाको स्तरोन्नती भई सान्नी त्रिवेणी गाउँपालिका हुन गएको हो ।


सान्नी त्रिवेणी गाउँपालिकामा कूल ९ वडा रहेका छन् । १३६.७१ वर्ग कि.मि.को क्षेत्रफलमा फैलिएको सान्नी त्रिवेणी गाउँपालिकाको भु–आकृतिक स्वरुप करिब सबै जस हिमालि भाग रहेको छ भने यसको पूर्वमा रास्कोट नगरपालिका रहेको छ भने पश्चिममा नरहरिनाथ गा. पा को रुप्सा रहेको छ, उत्तरमा बाजुराको त्रिवेणी गाउँपालिका रहेको छ भने दक्षिणमा खाडाँचक्र नगरपालिका रहेको छ । यसको शालाखाला अधिकतम तापक्रम ३५ डिग्री र न्यूनतम तापक्रम -८ डिग्री रहेको पाइन्छ । यो समुद्री सतहदेखि १५९१ मि. (५२१८.४८ फिट) को उचाइँमा काठमाडौं देखि ७५४ कि. मि.को दूरीमा स्थित रहेको छ । २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १३४९१ (जस मध्ये महिलाः६९०३ पुरुषः६५८८ घरधरी संख्याः २४२२) रहेको छ। प्रमुख चाडपर्व स्थानीय स्तरमा बसोबास गर्ने विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाड पर्व मनाउने गरिन्छ । जस्तैः दशैं, तिहार, होली, मागे संक्रान्ति, कृष्ण जन्माष्टमि, बुद्ध जयन्ती,हरीतालिका तिज, शिवरात्री, पैठ पर्व, यहाँका प्रमुख चाड पर्वको रुपमा रहेको पाइन्छ ।

## भु-उपयोगको अबस्था

| बिवरण | क्षेत्रफल (ब.कि.मि.) | प्रतिशत |
|---|---|---|
| बाझो जमिन | १.७३ | १.२७ |
| खेतीयोग्य जमिन | ३०.२१ | २२.१ |
| जंगल | २२.३४ | १६.३४ |
| भिर तथा चरन क्षेत्र | ६०.४२ | ४४.२ |
| बगर | ४.२९ | ३.१४ |
| झाडिबुट्यान | १६.९७ | १२.४१ |
| पानिले ढाकेको क्षेत्र | ०.७५ | ०.५५ |
| जम्मा क्षेत्रफल | १३६.७१ | १००. |

## गाउँपालिका स्तरिय वडागत जनसंख्या तथा घरधुरी बिबरण जनगणना २०७८ अनुसार

| वडा नं. | टोलको नाम | जनसंख्या | | | घरधुरी संख्या |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | जम्मा | |
| १ | लुसा | ७७१ | ७६८ | १५३९ | २५७ |
| २ | सेरीज्युला | ९०२ | ८४९ | १७५१ | २९२ |
| ३ | लुईयाँटा | ७१८ | ६९२ | १४१० | २३५ |
| ४ | उजेलीगाउँ | ७६५ | ७२९ | १४९४ | २४९ |
| ५ | डाडाँखेत | ६२१ | ५७३ | ११९४ | २१० |
| ६ | मेहलमुडी | १२७७ | ११८० | २४५७ | ४५९ |
| ७ | किउरी | ३६२ | ३५७ | ७१९ | १४८ |
| ८ | मुम्रा | ७५१ | ७५३ | १५०४ | २९२ |
| ९ | मुम्रा | ७३६ | ६८७ | १४२३ | २८१ |
| जम्मा | | ६९०३ | ६५८८ | १३४९१ | २४२२ |


सान्नी त्रिबेणी गाँउपालिकाको नक्शा
क्षेत्रफल - १३६.७१ बर्ग कि.मी.
वडा संख्या - ९
जनसंख्या -१२८४६
१
२
३
४
५
६
७
८
९
संकेत
गाँउ कार्यपालिकाको कार्यालय
तयार गर्ने - Netra

**गाउँपालिकाको बस्तु स्थितीः**

| क्र.सं | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | आधारभुत अस्पताल | १ | |
| २ | स्वास्थ्य चौकी | ३ | |
| ३ | आधारभुत स्वास्थ्य ईकाइ | ६ | |
| ४ | बर्थिङ्ग सेन्टर | ४ | |
| ५ | बैकं (सानिमा बैकं) | १ | |
| ६ | प्रहरी चौकी | ३ | |
| ७ | सहकारी संस्था | २६ | |
| ८ | सामुदायीक बन | २२ | |
| ९ | आर्युवेद नागरिक आरोग्य केन्द्र | १ | |
| १० | लघुबित्त बित्तिय संस्था लि. | १ | |
| ११ | हिमचुली बचत सहकारी संस्था लि. | १ | |
| १२ | सान्नी त्रिवेणी एफ एम ९७.१ | १ | |
| १३ | सरकारी बिधालय ECD सहित | ३२ | |
| १४ | बहुमुखी क्याम्पस | १ | |
| १५ | निजि बिधालय | २ | |
| १६ | कृषि तथा पशु सेवा शाखा | २ | |
| १७ | कृषि तथा पशु सेवा प्रसार केन्द्र | २/२ | |
| १८ | सूचना प्रविधि शाखा | १ | |
| १९ | सामाजिक सुरक्षा तथा पंजिकरण शाखा | १ | |
| २० | प्रशासन शाखा | १ | |
| २१ | योजना तथा अनुगमन शाखा | १ | |
| २२ | महिला तथा बालबालिका बिकास शाखा | १ | |
| २३ | प्राविधिक शाखा | १ | |
| २४ | प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार शाखा | १ | |
| २५ | जिन्सी शाखा | १ | |
| २६ | लघु उद्यम शाखा | १ | |
| २७ | शिक्षा शाखा | १ | |
| २८ | स्वास्थ्य शाखा | १ | |

## विषयगत क्षेत्रको प्रगति विवरणः

**सुशासन तथा सार्वजनिक सेवा व्यवस्थापनः** साविक तिनवटा रकु मेहलमुडी र मुम्रा गाविस मिलि बनेको सान्नी त्रिवेणी गाउँपालिकामा गाउँ कार्यपालिकाको मातहतमा रहने गरि हाल ९ वटा वडा कार्यालय, साविकको गाविस अन्तरगत रहेकका ३ वटा स्वास्थ्य चौकी, अन्य स्वास्थ्य पहुच नपुगेको स्थानमा ६ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र १ वटा आधारभुत अस्पताल गरि १० वटा स्वास्थ्य संस्था रहेका छन ।प्राकृतिक चिकित्सा पद्दतीलाई जोड दिने उदेश्यले यस गाउँपालिकामा नागरिक आरोग्य केन्द्रले आर्युवेदिक सेवा प्रदान गर्दै आईरहेको छ । ५ शैयाको पालिका स्तरिय आधारभुत अस्पताल निर्माणको लक्ष्य रहेपनी हाल कोभिड १९ का लागी स्थापना गरिएको स्थानबाट सेवा प्रदान गर्दै आई रहेका छौ ।आगामी आ.व.मा टेण्डर प्रक्रियाबाट अस्पताल निमार्ण कार्यको लागी पहल हुने प्रतिबद्धता प्रदान गरेका छौ

**सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः** राज्यद्वारा सामाजिक सुरक्षा र घटना दर्तालाई व्यवस्थित बनाउने उदेश्य अनुरुप लागु गरिएको अनलाइन प्रणालीबाट सबै वडाहरुबाट अनलाइन प्रणालीबाट सामाजिक सुरक्षा इन्ट्री गर्ने र घटना दर्ता गर्ने कामकाज गरिएको छ ।सामाजिक सुरक्षालाई पारदर्शि र व्यवस्थित बनाउन राज्यद्वारा निर्देशन भए अनुसार बैकिङ्क प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्य भैरहेको छ । नयाँ प्रविधि र प्रणालीमा काम गर्दै गर्दा केहि प्राविधिक समस्या देखिए पनी त्यस्तो समस्या समाधानको लागि सरोकारवाला संग नियमित परामर्श र छलफल भैरहेको छ ।

- **सामाजिक सुरक्षा तर्फ सबै किसिमका लाभग्राहीः**

| क्र.स. | विवरण/किसिम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक ७० बर्ष माथि | ३०५ | ३९४ | ६९९ |
| २ | जेष्ठ नागरिक अन्य | ३१४ | २९८ | ६१२ |
| ३ | एकल महिला | ० | ४० | ४० |
| ४ | विधुवा | ० | १७४ | १७४ |
| ५ | पुर्ण अपाङ्गता भएका | २१ | १५ | ३६ |
| ६ | अति अशक्त अपाङ्ग | ३३ | १३ | ४६ |
| ७ | क्षेत्र तोकिएका बालबालिका | ९७५ | ८४१ | १८१६ |
| ८ | अन्य बालबालिका | १ | ० | १ |
| ९ | दलित बालबालिका | २ | ० | २ |
| | जम्मा | १६५१ | १७७५ | ३४२६ |

- **घटना दर्ता विवरणः**

| क्र.स. | विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | जन्मदर्ता | ५५८ | ४८८ | १०४६ |
| २ | मृत्युदर्ता | २५ | २० | ४५ |
| ३ | सम्बन्ध विच्छेद | ० | ० | ० |
| ४ | बिवाह दर्ता | ११५ | ११५ | ११५ |
| ५ | बसाइ सरी आएका | - | - | ३ |
| ६ | बसाइ सरी गएका | - | - | १५ |

**भवन, पुर्वाधार तथा वातावरण व्यवस्थापनतर्फः** सान्नी त्रिवेणी गाउँपालिका स्थीत ९ वडा मध्ये ९ वडा पुर्ण रुपमा सडक पहुचमा रहेको बाँकी २ वडा वडा नं. ३ र ६ मा यसै आर्थिक बर्षमा सडक पहुच पुर्याउने गरि काम भैरहेको छ भने ।गाउँपालिका स्थीत निर्माणाधिन विकास निर्माणको कार्यलाई गुणस्तरिय र प्रभावकारी बनाउन नियमित अनुगमन र मुल्याङ्कनको पाटोलाई जोड दिइएको छ । साथै आगामी आ.ब.मा नीजी आवास निर्माणतर्फ कम लागतमा गुणस्तरिय र स्थानीय जलवायु अनुकुलमा आधारित भवन निर्माणको लागि स्थानीय भवन संहिता निर्माण गरि कार्यान्वियन गर्ने लक्ष्य रहेको छ ।साथै साना र टुक्रे योजनामा बजेट छर्ने प्रवृतिलाई निरुत्साहित गर्ने नीति लिइएको छ ।

**कृषि विकास शाखाः** विगत लामो समयसम्मको दरबन्दी रिक्त हाल पुर्ति भैसकेको अवस्थामा प्राविधिक जनशक्तिलाई किसानको घरबारीमै गएर किसानलाई सेवा प्रदान गर्दै कृषिमा आत्मनिर्भर सान्नी त्रिवेणी निर्माण गर्ने कार्यको थालनी गरिएको छ ।

**जनता आवास कार्यक्रमः** जनता आवास कार्यक्रममा पुर्वाधार विकास कार्यालय मान्म कालीकोट बाट ११ वटा कोटा प्राप्त भएकोमा प्रत्येक वडाबाट लाभग्राही छनौट गरि स्वीकृतीको लागि पठाइएको छ । पुर्वाधार कार्यालयबाट उक्त नामावली स्वीकृत भए पश्चात सम्झौता गराई तत्काल घर निर्माण कार्य थालनी गरिने छ।

**सुरक्षित नागरिक आवास कार्यक्रमः** सुरक्षित नागरिक कार्यक्रम अन्तरगत सान्नी त्रिवेणी गाउँपालिकाबाट १४६ घरधुरी लाभग्राही कायम भएकोमा चालु आ.ब.मा प्राप्त बजेट अनुसार १०६ घरमा खरको छाना विस्थापित गरि जस्ताको छाना लगाउने गरि सम्झौता भईसकेको र प्राविधिक कर्मचारीबाट फिल्ड निरिक्षण गरि प्राप्त प्रतिवेदन अनुसार भुक्ताँनी गरिसक्ने लक्ष्य रहेको छ ।

**विपदः** हाम्रो जस्तो दुर्गम र हिमाली क्षेत्रको पालिकाको मुख्य समस्याको रुपमा रहेको विपदको समस्यालाई न्यूनीकरण गर्न नागरिक सचेतना अभिवृद्वी, पुर्वतयारी गर्न प्रतिकार्य योजना निर्माण, विपदको नक्साङ्कन कार्यलाई अगाडी बढाउनुको साथै स्थानीय विपद व्यवस्थापन कोष स्थापना गरि अगाडी बढ्नु पर्ने अवस्था देखिन्छ भने सोही अनुरुप कार्य भैरहेको छ ।

**सहकारीः** समाजमा छरिएर रहेको पुँजीलाई एकिकृत गरि उत्पादनमुलक कार्यमा लगाउने र नागरिकको जीवनस्तर उकास्न उदेश्यले सहकारी संस्थाको स्थापना भएको हुन्छ । सहकारीलाई सहकारीको मुल्य र मान्यता अनुसार सञ्चानलको लागि सहकारी ऐन निर्माण भै कार्यान्वयनमा रहेको छ ।

| क्र.स. | सहकारी किसिम | गत आ.ब. सम्मको दर्ता संख्या | चालु आ.ब.मा दर्ता संख्या | हालसम्म नविकरण हुनेको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | बहुउदेश्यीय | ३ | १ | २ | |
| २ | बचत तथा ऋण | १ | - | २ | |
| ३ | कृषि तथा पशुपालन | १६ | - | २ | |
| | जम्मा | २० | १ | ६ | |

## कर्मचारी पदपुर्तिको अवस्था (स्थायी तर्फ)गाउँपालिकातर्फः

| क्र.स. | दरबन्दी | तह/श्रेणी | सेवा | समुह | उपसमुह | दरबन्धी संख्या | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अ. | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| २ | अधिकृत | अधिकृतस्तर ७/८ औ | इन्जिनियरिङ | सिभिल | | १ | ० | १ | |
| ३ | अधिकृत | छैटौ | प्रशासन | सा.प्र. | | २ | ० | २ | |
| ४ | अधिकृत | सातौ/आठौ | प्रशासन | लेखा | | १ | ० | १ | |
| ५ | अधिकृत | सातौ/आठौ | शिक्षा | शि.प्र. | | १ | ० | १ | |
| ६ | अधिकृत | छैटौ/सातौ | कृषि | वागवानी | | १ | १ | ० | |
| ७ | अधिकृत | छैटौ/सातौ | पुश | प.से. | | १ | १ | ० | |
| ८ | आलेप | पाचौं | प्रशासन | लेखा | | १ | १ | ० | |
| ९ | सहायक | पाँचौ | प्रशासन | सा.प्र. | | ४ | २ | २ | |
| १० | क.अ. | पाँचौ | विविध | | | १ | १ | ० | |
| ११ | लेखा सहायक | पाँचौ | प्रशासन | लेखा | | १ | १ | ० | |
| १२ | प्रा.स. | पाँचौ | शिक्षा | शि.प्र | | १ | १ | ० | |
| १३ | हे.अ. | पाँचौ/छैटौ | स्वास्थ्य | हे.ई. | | १ | १ | ० | |
| १४ | सब-इ | पाँचौ | इन्जिनियरिङ | सिभिल | | १ | १ | ० | |
| १५ | प्रा.स. | पाँचौ | पशु | प.से.प्रा | लापाडेटे | १ | १ | ० | |
| १६ | प्रा.स. | पाँचौ | पशु | प.स्वा.प्रा | लापाडेटे | १ | १ | ० | |
| १७ | प्रा.स. | पाँचौ | कृषि | | | २ | १ | १ | |
| १८ | अ.स.ई | चौथो | इन्जिनियरिङ | सिभिल | | १ | ० | १ | |
| १९ | खापासटे | चौथो | इन्जिनियरिङ | सिभिल | स्यानीटरी | १ | १ | ० | |
| २० | ना.प्रा.स. | चौथो | पशु | प.से.प्रा. | लापाडेटे | १ | १ | ० | |
| २१ | ना.प्रा.स. | चौथो | पशु | प.स्वा.प्रा. | लापाडेटे | १ | १ | ० | |
| २२ | ना.प्रा.स | चौथो | कृषि | | | १ | २ | ० | |
| २३ | समविनि | चौथो | विविध | | | १ | १ | ० | |
| पालिकातर्फ जम्मा | | | | | | २८ | २२ | ६ | |
| वडातर्फ | | | | | | | | | |
| २४ | सहायक | पाँचौ | प्रशासन | सा.प्र. | | ४ | ० | ४ | |
| २५ | सव-इ | पाँचौ | इन्जिनियरिङ | सिभिल | | ४ | ० | ४ | |
| २६ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ५ | ५ | ० | |
| २७ | अ.स.ई. | चौथो | इन्जिनियरिङ | सिभिल | | ५ | २ | ३ | |
| वडातर्फ जम्मा | | | | | | १८ | ५ | १३ | |
| कुल जम्मा | | | | | | ४६ | २७ | १९ | |

### संघीय सशर्त कार्यक्रम अन्तरगत कार्यरत कर्मचारी विविरणः

| क्र.स. | कार्यक्रम/शाखा | पद | तह | पद संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगार सेवा केन्द्र | रोजगार संयोजक | अधिकृतस्तर छैटौ | १ | १ | |
| २ | ऐ. | रोजगार सहायक | सहायकस्तर पाँचौ | १ | १ | |
| ३ | ऐ. | प्राविधिक सहायक | सहायकस्तर पाँचौ | १ | १ | |
| ४ | सामाजिक सरक्षा तथा पञ्जिकरण | MIS अपरेटर | सहायकस्तर पाँचौ | १ | १ | |
| ५ | ऐ. | फिल्ड सहायक | सहायकस्तर चौथो | २ | २ | |
| ६ | सुचना प्रविधि शाखा | प्रकाश बराल | अधिकृतस्तर छैटौ | १ | १ | |
| ७ | मेड्पा | पंख बटाला | सहायकस्तर पाचौं | १ | १ | |
| ८ | ऐ. | दिर्घ टमटा | सहायकस्तर चौथो | १ | १ | |
| ९ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP-2) | लक्ष्मी सुवेदी | सहायकस्तर पाचौं | १ | १ | |
| १० | बहुक्षेत्रीय पोषण | पोषण सहजकर्ता | सहायकस्तर चौथो | १ | १ | |
| ११ | कृषि स्नातक | कृषि अधिकृत | अधिकृतस्तर छैटौ | १ | १ | |
| १२ | OVOT कार्यक्रम | ना.प्रा.स. | सहायकस्तर चौथो | ४ | ४ | |
| जम्मा | | | | १४ | १४ | |

### न्यायिक समिति प्रगति विवरणः

| दर्ता उजुरी संख्या | फछ्र्यौट उजुरी संख्या | बाँकी उजुरी संख्या | कैफियत |
|---|---|---|---|
| २८ | १५ | १२ | बाकी उजुरी प्रकृयामा रहेको |

### महिला तथा बालबालिकाः

| कार्यक्रम नाम | गत आ.ब.सम्म लाभग्राही संख्या | चालु आ.ब. दर्ता लाभग्राही | हालसम्म जम्मा लाभग्राही | कैफियत |
|---|---|---|---|---|
| छोरी सुरक्षा कार्यक्रम | २८२ | १३० | ४१२ | |

### अपाङ्गता परिचय पत्र वितरणको अवस्थाः

| कार्यक्रम नाम | गत आ.ब.सम्मको लाभग्राही संख्या | चालु आ.ब. दर्ता लाभग्राही | हालसम्म जम्मा लाभग्राही | कैफियत |
|---|---|---|---|---|
| क वर्ग | ५ | १ | ० | |
| ख वर्ग | १६ | ५ | १ | |
| ग वर्ग | ३ | १ | १ | |
| घ वर्ग | २ | ० | ४ | |
| जम्मा | २६ | ७ | ६ | |